ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 31.01.2026

---

*भारत रंग महोत्सव 2026 को 25 औं संस्करण*

नेशनल स्कूल अफ ड्रामा (NSD) द्वारा आयोजित विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय रंगमञ्च महोत्सव, भारत रंग महोत्सव 2026 को 25 औं संस्करण, 27 जनवरी देखि 20 फेब्रुअरी 2026 सम्म देशभरका 40 स्थानहरू र सात महाद्वीप प्रत्येकको एक देशमा अभूतपूर्व स्तरमा शुरु भएकोछ ।

सिक्किममा भोलि देखि 4 फेब्रुअरी सम्म गान्तोकस्थित NSD स्टुडियो थिएटरमा चार नाटकहरू प्रदर्शन गरिनेछ ।

---

*समदुप लेप्चाले मङ्गन जिल्लामा समीक्षा बैठकको अध्यक्षता गरे*

जिल्ला प्रशासनिक केन्द्र मङ्गनले आज सीमा सडक संगठन (BRO) अन्तर्गत चलिरहेको सडक निर्माण कार्यको प्रगतिको समीक्षा गर्न र आगामी सडक परियोजनाहरूको बारेमा छलफल गर्न समन्वय बैठक आयोजना गर्यो। समाज कल्याण तथा महिला, बालबालिका, वरिष्ठ नागरिक तथा दिव्यांगजन कल्याण विभाग मन्त्री समदुप लेप्चाले बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा मङ्ङ्गनका जिल्लापाल अनन्त जैनको उपस्थिति थियो। श्री लेप्चाले चलिरहेका सडक परियोजनाहरूको स्थितिको समीक्षा गर्नुभयो र समयमै सम्पन्न गर्ने महत्त्वमा जोड दिनुभयो ।

---

*प्रधान मंत्री कृषि सिंचाई योजना: नामची*

कृषि विभाग, नाम्चीले वर्ष 2025-2026 को लागि नाम्ची जिल्लाको देन्चुङ प्रधानमन्त्री कृषि सिंचाई क्लस्टरमा प्रधानमन्त्री कृषि सिंचाई योजना प्रति थोपा बढी बाली अन्तर्गत सूक्ष्म सिंचाई प्रणालीहरूमा जागरूकता-र-वितरण कार्यक्रम आयोजना गर्यो। कार्यक्रमको क्रममा,

127 लाभार्थीहरूलाई एक हजार लिटरको पोलि ट्याङ् वितरण गरिएको थियो। यस पहलको उद्देश्य कुशल पानी व्यवस्थापन अभ्यासहरूलाई प्रवर्द्धन गर्नु र सूक्ष्म सिंचाई प्रविधिहरू मार्फत कृषि उत्पादकता बढाउनु हो।

---

## *बेटी बचाओ बेटी पढाओ: गेजिङ जिल्ला*

महिला, बालबालिका, वरिष्ठ नागरिक तथा दिव्यांगजन कल्याण विभाग अन्तर्गत महिला सशक्तिकरणको लागि जिल्ला केन्द्र, गेजिङले बेटी बचाओ बेटी पढाओ पहल अन्तर्गत यौन अपराधबाट बालबालिकाको संरक्षण (POCSO) ऐन सम्बन्धी जागरूकता र संवेदनशीलता कार्यक्रम गेजिङ जिल्लाको कार्जीमा आयोजना गरेको थियो ।

कार्यक्रमको उद्देश्य बाल अधिकार, बाल संरक्षण कानून र बालिकाहरूको लागि सुरक्षित वातावरण सुनिश्चित गर्न समाजको सामूहिक जिम्मेवारी सम्बन्धी सामुदायिक जागरूकतालाई सुदृढ पार्नु थियो ।

---

## *सिक्किमका किकबक्सर राहुल शर्माले दिल्लीमा हुने वाको कपमा भारतको प्रतिनिधित्व गर्ने*

सिक्किमका राहुल शर्माले 4 देखि 8 तारिखसम्म नयाँ दिल्लीको के डी जाधव इन्डोर स्टेडियममा हुने 5औं वाको इन्डिया ओपन इन्टरनेशनल किकबक्सिङ कपमा तेस्रो पटक भारतको प्रतिनिधित्व गर्नेछन् ।

यसअघि शर्माले अन्य वाको प्रतियोगिताहरूमा कांस्य पदक जितेका थिए ।

---

## *बीएसी, पासिङ्दाङ, जोङ्गुः कनेक्ट टु अर्थ पहल*

ब्लक प्रशासनिक केन्द्र (बीएसी) पासिङ्दाङ, जोङ्गुले 'कनेक्ट टु अर्थ' पहल अन्तर्गत आफ्नो परिसरमा आलु खेती गर्ने अवधारणा ल्याएको छ। सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको मौलिक सोच भएको यो कार्यक्रमले जीवनका सबै क्षेत्रका मानिसहरू- किसान, सरकारी कर्मचारी, संस्था र नागरिकहरूलाई माटोसँग पुनः जोड्न र सिक्किमको कृषि सम्भावनालाई सुदृढ पार्न प्रत्येक हप्ता वा महिना, समय समर्पित गर्ने प्रेरणादायी आह्वानलाई दर्शाउदछ ।

---

## *अनेसास सिक्किम च्याप्टरको स्थापना दिवस गान्तोकमा सम्पन्न*

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) सिक्किम च्याप्टरको स्थापना दिवस गान्तोकस्थित नेपाली साहित्य परिषद्, सिक्किमको सभा गृहमा आज सम्पन्न भएको छ। सिक्किम च्याप्टरका अध्यक्ष प्राध्यापक रुद्र पौड्यालले कार्यक्रमको अध्यक्षता गरेका थिए। स्थापना दिवसको अवसरमा विभिन्न साहित्यिक ( व्यक्तित्वहरूले कविता, लघुकथा तथा लेख वाचन गर्दै कार्यक्रमलाई अर्थपूर्ण बनाएका थिए। वक्ताहरुले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा अनेसासले खेलेको भूमिकाबारे चर्चा भएको थियो ।

---

## *SSDMA ले नयाँ दिल्लीको कर्तव्य पथमा 12 महिला स्वयंसेवकहरूको सहभागिताको घोषणा गर्यो*

सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरण, SSDMA ले आज गान्तोकको टाशिलिङ सचिवालयमा आयोजित कार्यक्रममा नयाँ दिल्लीको कार्तव्य पथमा गणतन्त्र दिवस समारोहमा सिक्किमका वेला बाह्र आपदा मित्र महिला स्वयंसेवकहरूको सहभागिताको गर्वका साथ घोषणा गर्यो। स्वयंसेवकहरूले आफ्ना अनुभवहरू साझा गर्दै राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण र SSDMA प्रति कृतज्ञता व्यक्त गरे।

---